नेपास बाल स्वास्थ्य अनुसन्धान अनुदान सञ्चालन कार्यविधी

पहिलो संशोधन २०८२

(नेपाल पेडियाट्रिक सोसाइटी केन्द्रीय कार्य समितिबाट जारी मिति: २०८० श्रावण २७ गते)

नेपाल पेडियाट्रिक सोसाइटी (नेपास)- २०८३

प्रस्तावना

मुलुक भित्र बाल स्वास्थ्यका क्षेत्रमा कार्यरत विभिन्न तहका चिकित्सकहरूलाई बाल स्वास्थ्य सम्बन्धी अनुसन्धान र अन्वेषणमा बढी भन्दा बढी सहभागी गराई नेपाल पेडियाट्रिक सोसाइटीलाई बाल स्वास्थ्य अनुसन्धानको उत्कृष्ट थलोका रूपमा विकास गर्दै बाल स्वास्थ्य अनुसन्धानको गुणस्तर अभिवृद्धि, प्रमाणमा आधारित नीति तथा कार्यक्रम निर्माणमा योगदान, अनुसन्धान क्षमता विकास तथा स्वास्थ्य क्षेत्रमा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने उद्देश्य अनुरूप मुलुक भित्र कार्यरत नेपाल पेडियाट्रीक सोसाइटीको आजीवन सदस्यता प्राप्त बाल रोग विशेषज्ञहरू तथा पेडियाट्रीक नर्सिङ्गलाई अनुसन्धान तथा अन्वेषणमा सहभागिताका लागी यस सोसाइटीको श्रोत र साधनको उपलब्धता अनुसार अनुसन्धान अनुदान प्रदान गर्न नेपाल पेडियाट्रिक सोसाइटीको विधान २०४३ (संशोधन समेत) ले दिएको अधिकार प्रयोग गरी अनुसन्धान अनुदानलाई व्यवस्थित रूपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले यो "**नेपास बाल स्वास्थ्य अनुसन्धान अनुदान संचालन कार्यविधि-२०८०**" (पहिलो संशोधन २०८२) तर्जुमा गरी लागू गरिएको छ।

परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भः**

यो कार्यविधीको नाम "**नेपास बाल स्वास्थ्य अनुसन्धान अनुदान संचालन कार्यविधि**-पहिलो संशोधन २०८२" रहेको छ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "विधान" भन्नाले नेपासको विधान, २०४३(संशोधित विधान २०७५ समेत) लाई सम्झनु पर्नेछ।

(ख) "कार्यविधि" भन्नाले "नेपास स्वास्थ्य अनुसन्धान अनुदान **संचालन** कार्यविधि २०८० (पहिलो संशोधन २०८२)" समेत लाई जनाउनेछ।

(ग) "सोसाइटी" भन्नाले नेपाल पेडियाट्रिक सोसाइटी लाई सम्झनु पर्नेछ।

(घ) "समिति" भन्नाले यसै कार्यविधि को परिच्छेद ३ को दफा ७ बमोजिमको समितिलाई सम्झनु पर्नेछ।

(ङ) "अनुदान" भन्नाले स्वीकृत अनुसन्धान प्रस्ताव कार्यान्वयन गर्न सोसाइटीबाट उपलब्ध गराइने आर्थिक सहयोग लाई सम्झनु पर्नेछ।

(च) "सम्झौता" भन्नाले सोसाइटी र अनुदानग्राहीबीच अनुसन्धान कार्यान्वयन,अनुदान रकम, प्रतिवेदन जिम्मेवारी तथा उत्तरदायित्व सम्बन्धी गरिने लिखित सम्झौता सम्झनु पर्नेछ।

(छ) "प्रमुख अनुसन्धानकर्ता (Principal Investigator–PI)" भन्नाले स्वीकृत अनुसन्धानको समग्र वैज्ञानिक, प्रशासनिक तथा वित्तीय उत्तरदायित्व लिने व्यक्ति सम्झनु पर्नेछ।

(ज) "नैतिक स्वीकृति" भन्नाले नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (Nepal Health Research Council-NHRC) को Ethical Review Board (ERB) वा अनुसन्धान कार्य का लागी छनौट भएको संस्था को

सम्बन्धित Institutional Review Committee (IRC) बाट अनुसन्धानका लागि प्राप्त स्वीकृति (Ethical Clearance) सम्झनु पर्नेछ।

३. **उद्धेश्य:**

मुलुक भित्र कार्यरत बाल रोग विशेषज्ञ एवं पेडियाट्रीक नर्सहरूलाई समय सापेक्ष रूपमा आफ्नो दक्षता परिष्कृत गर्न अनुसन्धानात्मक क्रियाकलापमा सक्रीय सहभागीताका लागि प्रोत्साहन गर्नु।

परिच्छेद-२

४. **नेपास बाल स्वास्थ्य अनुसन्धानका विषयहरू**

(क) नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा बाल स्वास्थ्यका क्षेत्रमा तोकिएका प्राथमिकताका विषयहरू।

(ख) नेपाल स्वास्थ्य अनुसन्धान परिषदद्वारा बाल स्वास्थ्यका क्षेत्रमा तोकिएका प्राथमिकताका विषयहरू।

(ग) नेपाल पेडियाट्रिक सोसाइटीद्वारा आवश्यकतानुसार अनुसन्धानका लागि प्रतिपादित गरिएका विषयहरू।

(घ) बाल स्वास्थ्य सँग सम्बन्धित अन्य मौलिक नबिन र नितिगत महत्वका विविध बिषयहरु।

५. नेपास बाल स्वास्थ्य अनुसन्धान अनुदानका प्रकारहरु:

क. सरदार विष्णु मणि आचार्य बाल स्वास्थ्य अनुसन्धान अनुदान

ख. मृगेन्द्र-सम्झना बाल स्वास्थ्य अनुसन्धान अनुदान

ग. नेपास राष्ट्रीय बाल स्वास्थ्य अनुसन्धान अनुदान

घ. नेपास युवा प्रतिभा बाल स्वास्थ्य अनुसन्धान अनुदान

ङ. नेपास बाल स्वास्थ्य परिचारिका अनुसन्धान अनुदान

६. **अनुसन्धान अनुदानका लागि योग्यता**:

अनुसन्धान अनुदानका लागि आवेदन दिन चाहने उम्मेदवारले-

i. यसै कार्यविधिको अनुसूची १ मा उल्लेख भए बमोजिमको नेपास बाल स्वास्थ्य अनुसन्धान अनुदानका लागि साझा योग्यता, मापदण्ड र शर्तहरु को पूर्ण पालना गर्नु पर्नेछ।

ii. सम्बन्धित अनुसन्धान अनुदानका प्रकारमा उल्लेख भएका देहाय बमोजिमका न्यूनतम योग्यता पुरा गरेको हुनु पर्नेछ।

क. **सरदार विष्णु मणि आचार्य बाल स्वास्थ्य अनुसन्धान अनुदान** :

i. नेपाल भित्र चिकित्सा शास्त्रमा स्नातक तह (MBBS) अध्ययन गरिरहेका चिकित्सा शास्त्रका विधार्थी, ईन्टर्न चिकित्सक तथा मेडिकल अधिकृतहरु ले यो अनुसन्धान अनुदानका लागी आवेदन दिन सक्नेछन।

ii. अनुसन्धान अनुदानका लागी आवेदन दिने चिकित्सा शास्त्रका विधार्थी / ईन्टर्न चिकित्सक / मेडिकल अधिकृत अनुसन्धान परियोजनाको प्रमुख अनुसन्धानकर्ता (Principal Investigator- PI) हुनेछ।

iii. प्रमुख अनुसन्धानकर्ता आबद्द स्वास्थ्य संस्थाको बालरोग विभागमा कार्यरत नेपाल पेडियाट्रीक सोसाईटी (NEPAS) को सदस्य अनुसन्धान परियोजनाको Supervisor हुन सक्नेछ।

ख. मृगेन्द्र-सम्झना बाल स्वास्थ्य अनुसन्धान अनुदान:

i. नेपाल भित्र बाल चिकित्सा शास्त्रको स्नातकोत्तर तहमा अध्ययनरत आवासीय चिकित्सक (MD Paediatric Resident) तथा जुनियर बालरोग विशेषज्ञले (MD Certificate प्राप्त गरेको मितीले तीन वर्ष ननाघेको) यो अनुसन्धान अनुदानका लागी आवेदन दिन सक्नेछन।

ii. अनुसन्धान अनुदानका लागी आवेदन दिने स्नातकोत्तर तहमा अध्ययनरत आवासीय चिकित्सक (MD Paediatric Resident) का हकमा निज प्रमुख अनुसन्धानकर्ता (PI) रहने तथा निज आबद्द स्वास्थ्य संस्थाको बालरोग विभागमा कार्यरत नेपाल पेडियाट्रीक सोसाईटी (NEPAS) को सदस्य अनुसन्धान परियोजनाको Supervisor हुन सक्नेछन।

ग. नेपास राष्ट्रीय बाल स्वास्थ्य अनुसन्धान अनुदान:

i. नेपाल पेडियाट्रीक सोसाईटी (NEPAS) मा दर्ता भएका नेपालमा कार्यरत नेपासको आजिवन सदस्यले यो अनुसन्धान अनुदानका लागी आवेदन दिन सक्नेछन।

ii. यस अनुसन्धान अनुदानका लागी आवेदन दिन चाहने नेपासको आजिवन सदस्य ले आवेदन दर्ता गर्ने मिती सम्ममा नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भएको कम्तिमा पांच वर्ष पुरा भएको हुनु पर्नेछ ।

घ. नेपास युवा प्रतिभा बाल स्वास्थ्य अनुसन्धान अनुदान :

i. नेपाल पेडियाट्रीक सोसाईटी (NEPAS) मा दर्ता भएका नेपालमा कार्यरत नेपासको आजिवन सदस्य ले यो अनुसन्धान अनुदानका लागी आवेदन दिन सक्नेछन।

ii. यस अनुसन्धान अनुदानका लागी आवेदन दिन चाहने नेपासको आजिवन सदस्यको उमेर आवेदन दर्ता गर्ने मिती सम्ममा ४५ वर्ष ननाघेको हुनु पर्नेछ।

ङ. नेपास बाल स्वास्थ्य परिचारिका अनुसन्धान अनुदान:

i. नेपाल नर्सिङ्ग काउन्सिल (NNC) बाट मान्यता प्राप्त वा नेपालका विश्व विधालयबाट समकक्षता प्राप्त शिक्षण संस्थाबाट पेडियाट्रीक नर्सिङ्गमा स्नातकोत्तर (MN) गरी नेपालमा कार्यरत बाल स्वास्थ्य परिचारिका (Paediatric Nurse) हरुले यो अनुसन्धान अनुदानका लागी आवेदन दिन सक्नेछन।

परिच्छेद-३
(कार्य व्यवस्थापन)

७. **अनुसन्धान अनुदान सञ्चालक समिति**:

नेपाल पेडियाट्रिक सोसाइटीद्वारा अनुदान दिइएका सम्पूर्ण अनुसन्धानहरूको सञ्चालन एवं अनुगमनका लागी देहाय बमोजिम रहने गरी ५ (पांच) सदसीय नेपासको "नेपास अनुसन्धान अनुदान सञ्चालक समिति " को गठन गरिनेछ।

संयोजक: नेपासको आजिवन सदस्यहरु मध्यबाट नेपास केन्द्रीय कार्य समिति (के. का. स.) द्वारा मनोनित बालरोगका क्षेत्रमा अनुसन्धानमा योगदान पुर्याएको बरिष्ठ बाल रोग विशेषज्ञ

सदस्य: नेपास के. का. स.को सदस्यहरु मध्यबाट के. का. स. द्वारा मनोनित १ जना

सदस्य: नेपास के. का. स. द्वारा मनोनित स्वतन्त्र बरिष्ठ बाल रोग विशेषज्ञ २ जना

सदस्य सचिब: नेपास के. का. स. को उपाध्यक्ष

८. **अनुसन्धान अनुदान सञ्चालक** समिति**को काम, कर्तव्य र अधिकार:**

(क) नेपासको वार्षिक क्यालेन्डरमा तोकिए बमोजिम अनुसन्धान प्रस्तावना पत्र (Research Proposal) को आह्वानका लागी समयमै सूचना जारी गर्ने।

(ख) रीतपूर्वक प्राप्त अनुसन्धान प्रस्तावना पत्रहरूको अध्ययन एवं विश्लेषण गरी "नेपास बाल स्वास्थ्य अनुसन्धान अनुदान सञ्चालन कार्यविधि २०८० (पहिलो संशोधन २०८२ समेतको)" को मापदण्ड अनुसार उत्कृष्ट ठहरिएको प्रस्तावना पत्रलाई अनुसन्धान अनुदानको सिफारिस सहित नेपासको केन्द्रीय कार्य समितिमा पेश गर्ने।

(ग) अनुसन्धान सञ्चालक समितिको सिफारिसमा नेपासको केन्द्रीय कार्य समितिबाट अनुसन्धान अनुदानको लागी स्वीकृति प्रदान गरिएको अनुसन्धान प्रस्तावना पत्र (Research Proposal) लाई औपचारिक रूपमा सूचित गर्ने।

(घ) अनुसन्धान सञ्चालक समितिको सिफारिसमा नेपास केन्द्रीय कार्य समितिको निर्णय अन्तिम मानिनेछ।

(ङ) अनुसन्धान अनुदान को नतिजा प्रकाशन पश्चात अनुसन्धान अनुदान प्राप्त गर्ने Research Proposal का प्रमुख अनुसन्धानकर्ताहरुलाई सम्झौता पत्रमा हस्ताक्षरका लागी आह्वान गर्ने

(च) समितिले अनुसन्धान कार्यका दौरान अनुसन्धानको प्रगति तथा कार्यान्वयनको अवस्थाका सम्बन्धमा desk review, online meeting, स्थलगत अनुगमन (site monitoring visit) वा अन्य उपयुक्त माध्यमबाट समयानुकुल अनुगमन तथा निरिक्षण गर्ने।

(छ) अनुसन्धानमा गम्भीर विचलन, आचारसंहिताको उल्लङ्घन वा वित्तीय अनियमितता देखिएमा समितिले आवश्यक सुधारका लागि निर्देशन दिने तथा अनुदान रकम रोक्का गर्न वा सम्झौता रद्द गर्न का लागी नेपास केन्द्रीय कार्य समितिमा सिफारिस समेत गर्न सक्ने।

(ज) अनुसन्धान कार्य समाप्ती पश्चात सो को अन्तिम प्रति बुझेर नेपासको बौद्दिक सम्पतीका रुपमा अभिलेख राख्ने।

९. अनुसन्धान अनुदान सञ्चालक समितिको कार्यकाल गठन भएका मिती देखी दुई वर्षको हुनेछ।

१०. **संरक्षक सम्बन्धी व्यवस्था:**

नेपासका अध्यक्ष यस अनुसन्धान अनुदानको संरक्षक हुनेछन् र तथा यसको नैतिक जिम्मेवारी नेपास अध्यक्ष एवं अनुसन्धान अनुदान सञ्चालक समितिका सदस्यहरूले लिनेछन।

११. **अनुसन्धान अनुदान सम्झौता पत्र:**

नेपासको केन्द्रीय कार्य समितिबाट अनुसन्धान अनुदानको लागी स्वीकृति प्रदान गरिएको अनुसन्धान प्रस्तावना पत्र (Research Proposal) का प्रमुख अनुसन्धान कर्ता र नेपासका प्रतिनिधि बीच अनुसन्धान कार्य शुरु गर्न अघि यसै कार्यविधिको अनुसूची २ मा उल्लेख भए बमोजिमको सम्झौता पत्रमा हस्ताक्षर गरी सम्झौता पत्रको आदान प्रदान गरिनेछ।

परिच्छेद-४
(आर्थीक व्यवस्था)

१२. **अनुदान राशी सम्बन्धी व्यवस्था**:

क. नेपाल पेडियाट्रिक सोसाइटीको संशोधित विधान २०७५ को परिच्छेद-२ दफा ७ (छ) मा बाल स्वास्थ्य सँग सम्बन्धित विषयहरूमा शोध तथा अनुसन्धान कार्यहरू गर्ने प्रावधान उल्लेख भएको तथा सोही ऐन को उप दफा (घ) मा सोसाइटी सञ्चालनको निम्ती अनुदान, चन्दा वा दान दातव्य ग्रहण गर्न सकिने गर्ने र उप दफा (ङ) मा सोसाइटीको कामको निम्ती कुनै पनि राष्ट्रिय र अन्तरराष्ट्रिय संस्था वा निकाय, व्यक्तिसँग नगद जिन्सी तथा प्राविधिक सहयोग अनुदान लिन सकिने भनि उल्लेख भएको पृष्ठभुमिमा विभिन्न श्रोतबाट प्राप्त अनुदानहरु लाई दाताहरु (१२ ख र ग) को इच्छा तथा नेपासको नियमित बजेटबाट पनि केही रकम छुट्याई, नेपास केन्द्रिय समितीको मिती २०८२/०९/०५ गते को बैठकको निर्णयानुसार बाल स्वास्थ्यका क्षेत्रमा शोध तथा अनुसन्धान कार्यहरू गर्न गराउन वार्षिक रुपमा यसै कार्यविधी को दफा १२ 'घ' मा उल्लेख भए बमोजिमका धनराशी सहितका अनुसन्धान अनुदान प्रदान गरिनेछ।

ख. सरदार विष्णु मणि आचार्य बाल स्वास्थ्य अनुसन्धान अनुदान **राशी सम्बन्धी व्यवस्था:**

हाल यस कार्यविधि बमोजिम दाताबाट प्राप्त मूल सावाँ रकम रु ३,००,०००/०० (अक्षरेपि रु तीन लाख मात्र) रहेको हुँदा उक्त रकमलाई नेपासको केन्द्रीय समितिले निर्धारण गरेको बैक वा वित्तीय संस्थामा मुद्दती खातामा राखी त्यसबाट प्राप्त हुने ब्याजलाई (साँवा रकम नघट्ने गरी कूल ब्याज राशीको ७५% रकम र बाँकी २५% भने मूल धनमा नै गाभिने गरी) मात्र अनुसन्धान अनुदान राशीका रूपमा प्रत्येक वर्ष प्रदान गरिने व्यवस्था गरिएको छ।

ग. **मृगेन्द्र-सम्झना बाल स्वास्थ्य अनुसन्धान अनुदान राशी सम्बन्धी व्यवस्था:**

नेपाल पेडियाट्रिक सोसाइटीको ४२ औं वार्षिकोत्सवको उपलक्ष्यमा संचालित नेप्कोन २०२३ को दौरान श्री मृगेन्द्र सम्झना चिकित्सा गुठीका तर्फबाट श्रद्धेय चिकित्सक डा मृगेन्द्र राज पाण्डे ज्यूबाट नेपासलाई हस्तान्तरण भएको रु ५,००,०००/०० (अक्षरेपि रु पाँच लाख मात्र) को चेकको रकमलाई नेपासको केन्द्रीय समितिले निर्धारण गरेको बैक वा वित्तीय संस्थामा मुद्दती खातामा राखी त्यसबाट प्राप्त हुने ब्याजलाई (साँवा रकम नघट्ने गरी कूल ब्याज राशीको ७५% रकम र बाँकी २५% भने मूल धनमा नै गाभिने गरी) दातासँग को परामर्शमा अनुसन्धान अनुदानको लागि सदुपयोग गर्न नेपास केन्द्रीय कार्य समितिबाट निर्णय भए बमोजिम यस वर्ष (वि सं २०८०) देखि प्रत्येक वर्ष यो अनुसन्धान अनुदान प्रदान गरिने व्यवस्था गरिएको छ ।

घ. विभिन्न प्रकारका नेपास बाल स्वास्थ्य अनुसन्धानका लागी देहाय बमोजिम अनुदान रकम तोकिएको छ ।

i. सरदार विष्णु मणि आचार्य बाल स्वास्थ्य अनुसन्धान अनुदान - प्रति व्यक्ती ने रु २५,०००/०० (अक्षरेपी रु पच्चिस हजार मात्र) एक जना लाई
ii. मृगेन्द्र-सम्झना बाल स्वास्थ्य अनुसन्धान अनुदान- प्रति व्यक्ती ने रु ४०,०००/०० (अक्षरेपी रु चालीस हजार मात्र) एक जना लाई
iii. नेपास राष्ट्रीय बाल स्वास्थ्य अनुसन्धान अनुदान - प्रति व्यक्ती ने रु २,००,०००/०० (दुइ लाख मात्र) एक जना लाई
iv. नेपास युवा प्रतिभा बाल स्वास्थ्य अनुसन्धान अनुदान - प्रति व्यक्ती ने रु १,००,०००/०० (एक लाख मात्र) एक जना लाई
v. नेपास बाल स्वास्थ्य परिचारिका अनुसन्धान अनुदान - प्रति व्यक्ती ने रु २०,०००/०० (अक्षरेपी रु बिस हजार मात्र) एक जना लाई

१३. **अनुसन्धान अनुदान रकम हस्तान्तरण**:

नेपासको केन्द्रीय कार्य समितिबाट अनुसन्धान अनुदानको लागी स्वीकृति प्रदान गरिएको अनुसन्धान प्रस्तावना पत्र (Research Proposal) का प्रमुख अनुसन्धान कर्तालाई स्वीकृत रकम देहाय बमोजिम तीन किस्तामा प्रदान गरिनेछ ।

(क) पहिलो किस्ता: अनुसन्धान अनुदान सम्झौता पत्रमा दुबै पक्षको हस्ताक्षर भए पश्चात् अनुसन्धान सुरु गर्दाका बखत कुल रकमको ५०% ।
(ख) दोस्रो किस्ता: अनुसन्धान कार्यको प्रस्तावित समय सीमाको मध्य भागमा कुल रकमको २५% ।
(ग) अन्तिम किस्ता: अनुसन्धान सम्पन्न गरी प्रमुख अनुसन्धान कर्ताले अनुसन्धानको अन्तिम प्रतिवेदन नेपासलाई हस्तान्तरण गरे पश्चात् बाँकी २५% रकम ।

परिच्छेद-४
(विविध)

१४. **संशोधन तथा खारेजी:**

कार्यविधिका कुनै पनि दफा, उप दफाहरूलाई समय सापेक्ष परिमार्जन, संशोधन वा खारेजी गर्नु परेमा नेपासको योजना, अनुसन्धान तथा विस्तार समितिले आम सहमतिमा निर्णय गरी केन्द्रीय कार्य समितिमा सिफारिस गर्ने र नेपासको केन्द्रीय कार्य समितिको बैठकले अनुमोदन गरेमा संशोधन वा खारेजी हुनेछ ।

१५. **बाधा अड्काउ फुकाउने अधिकार:**

यो कार्यविधि लागू भएपछि यसमा लेखिए जति कुरा यसै बमोजिम हुनेछ भने यसमा नलेखिएका कुरा योजना, अनुसन्धान तथा विस्तार समितिको निर्णय बमोजिम हुनेछ। साथै कुनै विवादास्पद विषय भएमा योजना, अनुसन्धान तथा विस्तार समितिले आवश्यकतानुसार विशेषज्ञ बाट परामर्श लीन सक्नेछ तथा समितिले आवश्यक ठानेमा अन्तिम निर्णयको लागि नेपासको केन्द्रीय कार्य समितिमा सिफारिस गर्न सक्नेछ ।

सन्दर्भ सामाग्री *नेपाल पेडियाट्रिक सोसाइटीको विधान२०४३ लाई संशोधन गरी बनाइएको संशोधित विधान २०७५ को परिच्छेद २ को दफा ७ को देहायका उप दफाहरूमा आधारित रही यो अनुसन्धान अनुदान कार्यविधि २०८० तर्जुमा गरिएको हो । नेपाल पेडियाट्रिक सोसाइटीको संशोधित विधान २०७५ को परिच्छेद २ को दफा ७ मा उल्लिखित उप दफाहरू:*

-उप दफा (घ): सोसाइटी सञ्चालनको निम्ती अनुदान, चन्दा वा दान दातव्य ग्रहण गर्ने ।

-उप दफा (ङ): सोसाइटीको कामको निम्ती कुनै पनि राष्ट्रिय र अन्तरराष्ट्रिय संस्था वा निकाय, व्यक्तिसँग नगद जिन्सी तथा प्राविधिक सहयोग अनुदान लिने ।

-उप दफा (छ): बाल स्वास्थ्य सँग सम्बन्धित विषयहरूमा शोध तथा अनुसन्धान कार्यहरू गर्ने ।

अनुसूची-१

नेपास बाल स्वास्थ्य अनुसन्धान अनुदानका लागि साझा योग्यता, मापदण्ड र शर्तहरू

(Common Eligibility Criteria and Conditions for NEPAS Child Health Research Grant)

१. अनुसन्धानको विषय यस कार्यविधिको परिच्छेद (२) दफा नं (४) बमोजिम बाल स्वास्थ्यसँग सम्बन्धित हुनुपर्नेछ ।

२. यो अनुदान, अनुसन्धान कार्यको वित्तीय सहयोगका लागि प्रदान गरिनेछ । यसबाट रिएजेन्ट/किट, प्रयोगशाला परीक्षण, साना उपकरण, प्रशासनिक/व्यवस्थापकीय कार्य तथा आवश्यक मानव स्रोतमा खर्च गर्न सकिनेछ।

३. अनुदानका लागी आवेदन दिने अनुसन्धानकर्ता सो परियोजनाको प्रमुख अनुसन्धानकर्ता (Principal Investigator - PI) हुनुपर्नेछ ।

४. कुनै एक व्यक्तिले कुनै एक श्रेणीको स्वास्थ्य अनुसन्धानमा मात्र प्रमुख अनुसन्धानकर्ता (Principal Investigator - PI) का रुपमा आवेदन दिन पाउनेछ ।

५. अनुसन्धान प्रस्तावना पत्र (Research Proposal) सम्बन्धित संस्था/कलेज/विश्वविद्यालय/अस्पताल/NHRC को IRB मा नैतिक स्वीकृति (Ethical Clearance) का लागि पेश गरिएको हुनुपर्नेछ। नैतिक समिक्षाको प्रक्रीयामा भएको पत्र वा नैतिक स्वीकृति पत्र, प्राप्त भएपछि NEPAS Research Unit मा पेश गर्नुपर्नेछ।

६. प्रमुख अनुसन्धानकर्ताले आवेदनसँग अनुसन्धान प्रस्तावना पत्र (Research Proposal Template) को Part VIII–Appendix मा उल्लिखित सम्पूर्ण आवश्यक कागजात संलग्न गर्नुपर्नेछ ।

७. अनुसन्धान कार्य नियामक उद्देश्यका लागि गरिने क्लिनिकल ट्रायलसँग सम्बन्धित वा औषधि कम्पनीको संलग्नता भएको हुनु हुँदैन।

८. अनुसन्धान कार्य (तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयारी) NEPAS Research Unit ले तोकेको अवधिभित्र (सामान्यतया अनुदान स्वीकृत भएको मितिदेखि एक वर्षभित्र) सम्पन्न गरिसक्नुपर्नेछ ।

९. अनुसन्धान परियोजनाको प्रमुख अनुसन्धानकर्ता PI (मेडिकल विद्यार्थीको हकमा सुपरभाइजर समेत) द्वारा समझदारी सम्बन्धी करारपत्रमा हस्ताक्षर गर्नुपर्नेछ।

१०. अनुसन्धान अनुदान रकम यस कार्यविधिको परिच्छेद–३, दफा १३ बमोजिम प्रदान गरिनेछ।

११. परियोजना सम्पन्न भएपछि PI ले खर्च विवरण सहित सम्बन्धित रसिदहरू पेश गर्नुपर्नेछ।

१२. अनुसन्धान परियोजनामा संलग्न PI तथा तथा अनुसन्धान टोलीले अनुसन्धान कार्य अनिवार्य रूपमा **NEPAS Journal (JNPS)** मा प्रकाशनका लागि पेश गर्नुपर्नेछ। अन्य जर्नलमा प्रकाशन गर्नुपर्ने भए प्रस्तावमै उल्लेख गरी NEPAS बाट पूर्वस्वीकृति लिनुपर्नेछ। पूर्वस्वीकृति बिना अन्यत्र पेश/प्रकाशन गरेमा स्पष्टीकरण माग गरिनेछ; स्पष्टीकरण पेश नगरेमा कालोसूचीमा राखी भविष्यका अवसरबाट अयोग्य ठहर गरिनेछ।

१३. अनुसन्धानबाट प्रकाशित/प्रसारित सामग्रीमा NEPAS बाट प्राप्त **अनुदान** सहयोगको उचित आभार (Acknowledgement) व्यक्त गर्नुपर्नेछ।

१४. यस सम्बन्धमा NEPAS को निर्णय अन्तिम हुनेछ।

१५. NEPAS अनुदान अनुसन्धान सम्बन्धी थप विवरणहरू www.nepas.org.np वेबसाइटमा वा NEPAS को कार्यालयमा प्राप्त गर्न सकिनेछ। ईमेल: nepas2010@gmail.com

अनुसूची-२

नेपास बाल स्वास्थ्य अनुसन्धान अनुदान सम्झौता पत्र

लिखितम् नेपाल पिडियाट्रीक सोसाइटीद्वारा (यस पछी प्रथम पक्ष भनिएको) बाल स्वास्थ्यका क्षेत्रमा अनुसन्धान गर्नका लागि प्रदान गरिने "(अनुसन्धान अनुदान को नाम.....साल)" डा. श्री---------- लाई (यसपछी दोश्रो पक्ष भनिएको) प्रदान गर्ने प्रथम पक्षको केन्द्रिय कार्य समितिको मिती----------को निर्णय बमोजिम प्रथम पक्ष र दोश्रो पक्ष बिच देहाय बमोजिमका शर्त सिमा भित्र रहि, कुल धनराशी रु (--------अंकमा) (अक्षरुपी रु---------- - मात्रै) सहितको यो "(अनुसन्धान अनुदान को नाम----------)" "(अनुसन्धान को शिर्षक---------- ----------)" शिर्षकमा अनुसन्धान गर्नका लागि प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउन मन्जुर भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी सो को एक एक प्रति लियौं / दियौं।

शर्त सिमाहरु

१. प्रथम पक्षले दोश्रो पक्षलाई प्रदान गर्ने कुल अनुदान रकमको पहिलो किस्ताको ५०% रकम यो सम्झौता पत्रमा दुबै पक्षको हस्ताक्षर पछी अनुसन्धान सुरु गर्दाका बखत प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउनेछ। दोश्रो किस्ताको २५% रकम अनुसन्धान कार्यको प्रस्तावित समय सीमाको मध्य भागमा र अन्तिम किस्ताको बाँकी २५% रकम प्रमुख अनुसन्धान कर्ताले अनुसन्धान सम्पन्न भएको आधिकारिक रुपमा जानकारी गराए पश्चात् प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउनेछ।

२. दोश्रो पक्षले तोकिएको अवधी भित्र अनुसन्धान सम्पन्न गरी सो को प्रतिवेदन नेपासको अनुसन्धान शाखामा बुझाउनु पर्नेछ। नेपासको अनुसन्धान शाखाले अनुसन्धानको अन्तिम प्रतिवेदन प्राप्त गरे पश्चातमात्रै दोश्रो पक्षले आधिकारिक रुपमा जानकारी गराएको मानिने छ।

३. दोश्रो पक्षले अनुसन्धान सम्पन्न गरी सो को अन्तिम प्रतिवेदन प्रथम पक्ष लाई बुझाए पश्चात उक्त अनुसन्धानको पुर्ण स्वामित्व प्रथम पक्षमा निहित रहनेछ।

४. प्रथम पक्षको अनुमती बिना दोश्रो पक्षले अनुसन्धानमा कुनै संशोधन वा परिमार्जन गरी राष्ट्रीय अन्तराष्ट्रीय स्तर मा कही कतै प्रकाशन लगायतका कार्य गर्न गराउन पाउने छैन। प्रथम पक्षको अनुमती लिई प्रकाशन गर्दा दोश्रो पक्षले प्रथम पक्षको वित्तिय सहयोग (Financial Assistance) प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।

५. दोश्रो पक्षले प्रकाशनका लागी उक्त अनुसन्धान पत्रको कम्तिमा एउटा मुख्य पाण्डुलिपि प्रथम पक्षको जर्नलमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

६. प्रथम पक्षले उक्त अनुसन्धान पत्रलाई कुनै पनि शैक्षिक कार्यक्रम वा सम्मेलनमा प्रस्तुतिका लागी उपयुक्त ठानेमा प्रथम पक्षद्वारा आयोजित वा तोकिएको कार्यक्रम हरुमा दोश्रो पक्षले तोकिए बमोजिम प्रस्तुतिकरण दिनुपर्नेछ।

७. दोश्रो पक्षले अनुसन्धान गरेको पत्रबाट थप पाण्डुलिपिहरु तयार गरेको खण्डमा प्रथम पक्षको सहमति लिई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशन, शैक्षिक कार्यक्रम वा सम्मेलनमा प्रस्तुत गर्न सक्नेछ।

८. दोश्रो पक्षबाट यस सम्झौता पत्रमा हस्ताक्षर पश्चात यसमा भएका शर्त सिमाको उल्लंघन हुने गरी कुनै पनि कार्य गरे गराइएको पाईएमा प्रथम पक्षले स्पष्टिकरण सोध्न सक्नेछ। दोश्रो पक्षले स्पष्टिकरणको जवाफ नदिएको अथवा

दिएको स्पष्टिकरण प्रथम पक्षलाई चित्तबुझ्दो नभएको खण्डमा प्रथम पक्षले दोश्रो पक्षलाई निम्नानुसार कारवाही गर्न सक्नेछ।

क. प्रथम पक्षद्वारा भविष्यमा प्रदान गरिने कुनै पनि सेवा सुविधाका लागी दोश्रो पक्षलाई अयोग्य घोषित गरिने छ।

ख. दोश्रो पक्षको काम कारवाहीबाट प्रथम पक्षलाई भएको हानी नोक्सानिको मुल्याङ्कन गरी प्रचलित कानुन बमोजिम दोश्रो पक्षबाट असुलउपर गरिनेछ।

<u>प्रथम पक्षको तर्फबाट</u>

दस्तखतः

नामथरः

पदः

छापः

<u>द्धितिय पक्षको तर्फबाट</u>

दस्तखतः

नामथरः

पदः

<u>साक्षी</u>

यो सम्झौता पत्र हामी साक्षीहरुको रोहवरमा प्रथम पक्षको कार्यालयमा बसी हस्ताक्षर गरीएको हो।

१. ……जिल्ला.....महा/उप महा /न पा /गा पा वडा नं……. बस्ने वर्ष…….को
श्री……

ईती सम्वत…… साल ……महिना……गते रोज…….. शुभम्